राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# बर्दिबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बर्दिबास,महोत्तरी
## मधेश प्रदेश,नेपाल

## विज्ञापन कर सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक शिलबन्दी दरभाउपत्र प्रकाशित मितिः २०८३।०४।१५)

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा(३)को उपदफा(३),बर्दिबास नगरकार्यपालिकाको मिति २०८३।०३।२५ को निर्णय बर्दिवास नगरपालिकाको आर्थिक ऐन २०८३, बर्दिबास नगरपालिकाको विज्ञापन कर निर्देशिका २०७९ र बर्दिबास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०८३ बमोजिम ३ (तीन) आर्थिक वर्षको लागि विज्ञापन कर संकलन सम्बन्धी ठेक्का व्यवस्थापन गर्नु पर्ने भएकोले फर्म वा कम्पनीहरुले (फर्म वा कम्पनी दर्ता गरेको प्रमाणपत्र साथै नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि करको दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.ब.२०८१/८२ को करचुक्ता प्रमाणपत्र प्रतिलिपीहरु) संलग्न राखी विस्तृत सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | ठेक्का । बोलपत्रको नाम | ठेक्का अवधि | बर्षिक न्यूनतम कबोल अंक ( मु.अ.कर बाहेक)रु | धरौटी रकम | बोलपत्र फाराम दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १ | **NCB/BM/IR/2083/84-01** | विज्ञापन कर संकलन ठेक्का | २०८६ असार मसान्त कायम हुने | १०,००,०००।- (दश लाख रुपया मात्र) | कबोल अंकको ५ प्रतिशत | १०००।- |

शर्तहरु

1. फर्म वा कम्पनी दर्ता गरेको प्रमाणपत्र साथै नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि करको दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.ब.२०८१/८२ को करचुक्ता प्रमाणपत्र प्रतिलिपीहरु, बोलपत्र फारम दस्तुर कृषि विकास बैंक शाखा कार्यालय बर्दिबासमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बर्दिबास ग–१–१ खाता नं. १००६३०११४९१२८१०५ मा नगद जम्मा गरेको नगद भौचर एवं धरौटी वापतको रकम कृ. वि. बैंक बर्दिबास शाखामा रहेको धरौटी खाता ग–३–१ खाता नं. १००६३०११४९१२८०६७ मा जम्मा गरेको भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन म्याद रहेको बैंक जमानत पत्र साथ यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

2. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको कृषि विकास .बैंक बर्दिबासमा रहेको आन्तरिक राजश्व खाता ग–१–१ खाता नं. १००६३०११४९१२८१०५ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट वा लगतै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
3. बोलपत्र संम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
4. आफुले कबोल गरेको अंकका ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि विकास .बैंक बर्दिबास शाखामा रहेको धरौटी खाता ग–३–१ खाता नं. १००६३०११४९१२८०६७ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड साथ पेश गर्नु पर्नेछ ।
5. खरिद गरिएको बोलपत्र फारममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ वा विधुत्तिय माध्यमबाट ठेक्का आह्वान भएमा विधुत्तिय माध्यमबाटै बोलपत्र फाराम पेश गर्नु पर्नेछ।
6. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
7. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
8. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेखित गरिएको हुदाँ सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

9. म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।

10.बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

11.बोलपत्र स्वीकृत भएको ७ दिनको सूचना प्रकाशन गरिनेछ। सुचनामा उल्लेखित मु.अ.कर दर्ता प्रमाणपत्र लगायतका अन्य वोलपत्र सम्बन्धी कागजातहरु समेत लिई साकार कबोल अंक र मू अ सहितको चालु आ.ब. २०८३।८४ को प्रथम किस्ता कायम गरी सो वापत सम्झौता गर्नु पुर्व रकम **बैं**क दाखिला गरेको भौचर अनिवार्य रुपमा बुझाउनु पर्ने छ । आ.ब.२०८४।८५ को हकमा पहिलो किस्ता वापतको रकममा थप १० प्रतिशतले बृद्धि गरी दोश्रो किस्ता कायम हुने र आ.ब.२०८५।८६ को हकमा दोश्रो किस्ता वापतको रकममा थप १० प्रतिशतले बृद्धि गरी तेश्रो किस्ता कायम हुने।दोस्रो र तेश्रो किस्ता वापत हुने रकम सम्बन्धित आ व को बैशाख मसान्त भित्र दाखिला हुने गरी नगदै रकम वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८६ श्रावण मसान्त सम्मको बैंक जमानत अवधि कायम गरी जारी गरिएको कार्यसम्पादन जमानत( परफरमेन्स बण्ड) समेत पेश गर्नु पर्ने छ । तत् पश्चात कार्यालयबाट चलनपूर्जी वा पट्टा उपलब्ध गराइनेछ । कवोल अंकको १३ प्रतिशत मू अ करको रकम समेत थप गरी बैंक जमानत पेश गर्नु पर्नेछ वा कर कार्यालयमा दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

12.साथै बोलपत्र कवोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मु.अ.कर रकम राजश्व शिर्षक ३३३१७ मा वोलपत्रदाताले छुट्टा छुट्टै रुपमा दाखिला गरेको सक्कल भौचर अनिवार्य रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ।

13.तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरीनेछ।

14.यस नगरपालिकाको विज्ञापन कर संकलन कार्यको सन्दर्भमा बर्दिबास नगरपालिकाको विज्ञापन कर निर्देशिका २०७९,बर्दिबास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०८३, बर्दिबास नगरपालिकाको आर्थिक ऐन २०८३, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ तथा सम्बन्धित विषयमा स्थानीय तहबाट जारी भएका कानुन,प्रदेश कानून ,संघीय कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

**15.**अन्य कार्यविधी,मापदण्ड, सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहित तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**16.**ठेक्का सूचनाको विस्तृत विवरण बर्दिबास नगरपालिका,नगर कार्यपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गरिएको र कार्यालयको वेभसाइट **www.bardibasmun.gov.np** मा समेत राखिएको छ ।